प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद

# वागमती प्रदेश कार्यालय

हेटौडा, मकवानपुर

## प्रमाणपत्र तह नर्सिङ्ग कार्यक्रमको पूर्ण शुल्कीय

## प्रवेश परीक्षाको नतिजा प्रकाशन सम्वन्धि अत्यन्त जरुरी सूचना ।

प्रथम पटक प्रकाशित मिति : २०७८/०९/१५

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी भक्तपुरको मिति २०७७/०८/०८ गते गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित प्रमाणपत्र तह नर्सिङ्गको पूर्ण शुल्कीय तर्फको आवेदन फाराम भर्ने सम्वन्धि सूचना वमोजिम वागमती प्रदेश अन्तर्गत संचालित शिक्षण संस्थाहरुले तोकिएको मिति र समयभित्र प्रवेश परीक्षा आवेदन फाराम भराई परीक्षा नियन्त्रण कार्यालयले तोकेको सम्पूर्ण प्रकृया पूरा गरि उल्लेखित सूचनाको वुदा नं ७ वमोजिम तयार गरी गोप्य रुपमा प्राप्त हुन आएको नतिजालाई परिषद् परीक्षा नियन्त्रण कार्यालयको निर्देशन वमोजिम रुजु गरी प्रकाशित गरिएको व्यहोरा सूचित गरीन्छ । सम्वन्धित शिक्षण संस्थाहरुले नतिजा तयार पार्ने क्रममा प्रशिक्षार्थीहरुको एस.एल.सी /एस.ई.ई./ प्रा.एस.एल.सी तहको परीक्षामा प्राप्त गरेको प्राप्ताङ्कमा फरक पर्न गई वा नतिजा तयारीमा कुनै किसिमको त्रुटी देखिन आएमा सोको जिम्मेवार सम्वन्धित शिक्षण संस्थाहरु नै हुने व्यहोरा समेत जानकारी गराईन्छ । प्रवेश परीक्षावाट सफल मुख्य प्रशिक्षार्थीहरुलाई सम्वन्धित शिक्षण संस्थाहरुले सूचना मार्फत् मिति २०७८/०९/३० गते र वैकल्पिक प्रशिक्षार्थीहरु मध्येवाट योग्यताक्रम अनुसार मिति २०७८/१०/०७ गते कार्यालय समयभित्र भर्ना गर्नु पर्ने छ । वैकल्पिक प्रशिक्षार्थीहरुको भर्ना गर्ने क्रममा प्राप्ताङ्क वरावर भएको अवस्थामा सूचनाको वुदा नं ७ मा उल्लेखित गणित, विज्ञान र अग्रेजी विषयको र सो योग्यता समेत वरावर भएको अवस्थामा सोहि वुदाको 'ई' वमोजिम र उक्त योग्यता/वर्ग समेत वरावर भएको अवस्थामा प्रशिक्षार्थीको कक्षा ८ को जिल्ला/पालिका स्तरीय परीक्षाको लब्धाङ्क पत्रको उच्चतम अंक र सोको प्राप्ताङ्क समेत वरावर भएको अवस्थामा कक्षा ८ को क्रमश : गणित, विज्ञान र अग्रेजी विषयमा प्राप्त गरेको अंकका आधारमा योग्यताक्रम निर्धारण गरी भर्ना गर्नुपर्ने छ । भर्ना भएका प्रशिक्षार्थीहरुको कक्षा शुरु एवं रजिष्ट्रेशन लगायत परिषद् परीक्षा नियन्त्रण कार्यालयवाट जारी सूचना एवं निर्देशन वमोजिम गर्नु गराउनुहुन समेत जानकारी गराईन्छ ।

निर्देशक